अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

रामारोशन गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ८ | संख्याः ३९ | प्रमाणिकरण मितिः २०८०/०८/२९

**भाग-२**

**रामारोशन गाउँपालिका**

## रामारोशन गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधी, २०८०

# रामारोशन गाउँपालिकाको आर्थिक सहायता सम्वन्धि कार्यविधी, २०८०

स्वीकृत मितिः ०८०।८।२९

प्रमाणिकरण मितिः ०८०।८।२९

प्रस्तावनाः लोककल्याणकारी राज्यको अवधारणा अनुसार आर्थिक रुपले विपन्न निरपेक्ष गरिवीको रेखामुनि रहेका दीर्घरोगी, हिंसा पिडित, अशत्त, असाहय, दुर्घटनामा परेका, घरगोठ आगलागी भएका, बाढी, पहिरो, चट्याङ, विघुतीय झट्कालगायत प्राकृतिक तथा मानवीय प्रकोप, दैविक प्रकोपमा परेका, विपन्नताका कारण उपचारबाट बंचित, स्थानिय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलमा सहभागी हुने खेलाडी स्थानिय स्तरमा हुने खेलकुद तथा सांस्कृतिक कार्यक्रमका आयोजक लगायत समस्याग्रत नागरिकको लागि दिइने आर्थिक सहायता सम्वन्धी कार्यविधी बनाउन वान्छनिय भएकाले स्थानिय सरकार सचालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ तथा प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७८ को दफा ४ बमोजिमको अधिकार प्रयोग गरि यो कार्यविधि तयार गरी जारी गरिएको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

१. सक्षिप्त नाम र प्रारम्भ –(१)यस कार्यविधीको नाम "रामारोशन गाउँपालिकाको आर्थिक सहायता सम्वन्धी कार्यविधी, २०८०" रहेको छ ।

(२) यो कार्यविधी तुरुन्तै लागु हुने छ ।

३.परिभाषा विषय र प्रसंगले अर्को अर्थ नलागेमा

क)"गाउँपालिका" भन्नाले रामारोशन गाउँपालिका सम्झनु पर्छ ।

ख)"गाउँ कार्यापालिका" भन्नाले रामारोशन गाउँकार्यापालिका सम्झनु पर्छ ।

ग)"आर्थिक सहायता पाउन योग्य व्यक्ति भन्नाले" आर्थिक रुपले विपन्न, निरपेक्ष गरिवीको रेखामुनि रहेका, दीर्घरोगी, हिंसा पिडित, अशत्त, असाहय, दुर्घटनामा परेका, घरगोठ आगलागी भएका, बाढि, पहिरो, चट्याङ, विघुतिय झट्कालगायत प्राकृतिक तथा मानविय प्रकोप, दैविक प्रकोपमा परेका विपन्नताका कारण उपचारबाट बंचित, स्थानिय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलमा सहभागि हुने खेलाडी, स्थानिय स्तरमा हुने खेलकुद तथा सांस्कृतिक कार्यक्रमका आयोजक लगायत समस्याग्रत नागरिक जनप्रतिनिधि र कर्मचारी समेतलाई सम्झनु पर्दछ ।

घ)"अध्यक्ष" भन्नाले रामारोशन गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

CamScanner

ङ)"न्यायिक समिति भन्नाले" रामारोशन गाउँपालिका अन्तर्गतको न्यायिक समिति सम्झनु पर्दछ ।

च)"प्रमुख प्रशासकिय अधिकृत भन्नाले" रामारोशन गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ ।

## परिच्छेद -२

## आर्थिक सहायता सम्वन्धी मापदण्ड

<u>३. दिर्घरोगी तथा विपन्नताको लागि सहायता:</u>(१) दिर्घरागि तथा विपन्नताको कारण औषधि उपचार गर्नबाट वंचित हुनु परेका नागरिकको सन्दर्भमा पिडित व्यत्तिले आर्थिक सहायता प्राप्त गर्नाको लागि आवश्यक कागजात सहित गाउँपालिकामा निवेदन दिन सक्नेछन ।

(२) उपखण्ड (१) अनुसार प्राप्त निवेदन उपर छानविन गरि पिडित व्यत्तिको अवस्था हेरीरु. ५,०००/- (अक्षरुपी पाचँ हजार रुपैया) देखि रु ४०,०००/- (अक्षरुपी चालिस हजार रुपैंया ) सम्म आर्थिक सहायता गर्न सकिनेछ ।

(३) उपखण्ड (२) अनुसार आर्थिक सहायता मध्ये रु. १०,०००/- (अक्षरुपी दश हजार रुपैंया) सम्मको आर्थिक सहायता अध्यक्षसंगको समन्वयमा प्रमुख प्रशासकीय अधिकृतले उपलब्ध गराउन सक्नेछ र सो को अनुमोदन गाउँकार्यापालिकाको बैठकले गर्नेछ र सो भन्दा माथिको आर्थिक सहायता गाउँकार्यपालिकाको निर्यण अनुसार हुनेछ ।

(४) आर्थिक सहायता प्राप्त गर्ने पिडित व्यत्तिले उपचारका विल भर्पाइ पेश गर्नु पर्नेछ ।

<u>४. हिंसा पिडित तथा वेचविखनमा परेका महिला तथा बालवालिकालाई सहायताः</u> (१) हिंसा पिडित तथा वेचविखनमा परेका महिला तथा बालवालिकाको तत्काल उद्धार गरि जीवनयापनको लागि गाउँ कार्यपालिकाको निर्णय अनुसार बढिमा रु. १०,०००/- (अक्षरुपी दश हजार रुपैंया) सम्म आर्थिक सहायता उपल्बध गराउने सकिनेछ ।

<u>५.जनप्रतिनिधिलाई आर्थिक सहायताः</u> (१)मुटु, फोक्सो, कलेजो, क्यान्सर, मृगौला, दुर्घटना परि गम्भिर चोट पटक लगायतका,गम्भिर प्रकृतिको वा दिर्घरोगको उपचार गराउन पर्ने वा शल्यत्रिया गर्नुपर्ने अवस्थामा कार्यपालिकाको निर्णय अनुसार अवस्था हेरी जनप्रतिनिधिहरुलाई कम्तिमा रु. १०,०००/- (अक्षरुपी दश हजार रुपैया)देखि बढिमा रु. ५०,०००/- (अक्षरुपीपचास हजार रुपैया) सम्म उपचार खर्चका लागिआर्थिक सहायता उपलव्ध गराउन सकिनेछ ।

(२) आर्थिक सहायता प्राप्त गर्ने जनप्रतिनिधिले उपचारको विल भर्पाइ पेश गर्नुपर्नेछ ।

CamScanner

६. गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई आर्थिक सहायताः (१) मुटु, फोक्सो, कलेजो, क्यान्सर, मृगौला लगायतका गम्भिर प्रकृतिको वा दिर्घरोगको उपचार गराउन पर्ने वा शल्यत्रिया गर्नुपर्ने अवस्थामा कार्यपालिकाको निर्णय अनुसार अवस्था हेरी गाउँ कार्यपालिकाको निर्णय गाउँपालिकामा कार्यरत कर्मचारीलाई कम्तिमा रु. १०,०००/- (अक्षरुपी दश हजार रुपैया) देखि बढिमारु. ५०,०००/- (अक्षरुपी पचास हजार रुपैंया) सम्म उपचार खर्चका लागि आर्थिक सहायता उपलव्ध गराउन सकिनेछ ।

(२) आर्थिक सहायता प्राप्त गर्ने कर्मचारीले उपचारको विल भर्पाइ पेश गर्नुपर्नेछ ।

७. स्थानीय रुपमा खेलकुद तथा सांस्कृतिक कार्यक्रम आयोजना गर्ने क्लव वा संघ संस्थालाई आर्थिक सहायताः (१) स्थानीय स्तरमा खेलकुद तथा जनचेतनामुलक सांस्कृतिक कार्यक्रम संचालन गर्ने क्लब वा संघ संस्था, समुहलाई बढिमा रु. १५,०००/- (अक्षरुपी पन्ध्र हजार रुपैया) सम्म आर्थिक सहायता उपलव्ध गराउन सकिनेछ ।यस्तो सहायता उक्त कार्यक्रम संचालन गर्ने संघसंस्थालाई एक आर्थिक वर्षमा एकभन्दा बढि पटक उपल्बध गराइने छैन ।

(२) उपखण्ड (१) बमोजिमको आर्थिक सहायताको लागि निवेदन र आवश्यक कागजात पेश गर्नुपर्नेछ ।

८. प्राकृतिक वा मानव सिर्जित प्रकोप (वाढि, पहिरो, आगलागि, दुर्घटना, भुकम्प, चट्याङ, विद्युतीय झट्काबाट अंगभंग हुनु, घर भत्किनु आदि) बाट पिडितहरुलाई आर्थिक सहायताः

(1) प्राकृतिक वा मानव सिर्जित प्रकोप (वाढि, पहिरो, आगलागि, दुर्घटना, भुकम्प, चट्याङ पर्नु, विद्युतिय झट्काबाट अंगभंग हुनु, घर भत्किनु आदि) बाट पिडितका परिवारलाई देहायका आधारमा आर्थिक सहायता उपल्बध गराइनेछ ।

(क) प्रकोपबाट कुनै ब्यात्तिको मृत्यु भएमा मृतकका निजको हकवालालाई बढिमा रु. ५०,०००/- (अक्षरुपी पचास हजार रुपैया) मात्र ।

(ख) प्रकोबाट घरबार भत्किन वा आगलागि भई आंशिक वा पुरै क्षति भएमा रु.१०,०००/- (अक्षरुपी दश हजार रुपैया) देखि रु. २०,०००/- अक्षरुपि विस हजार रुपैया सम्म ।

(ग) प्रकोपमा परि कुनै व्यत्तिको अंगभंग भई आंशिक वा पुरै अशक्त अपागंता भएमा रु. १०,०००/- (अक्षरुपि दश हजार रुपैया) देखि रु.२०,०००/(अक्षरुपि वीस हजार रुपैया मात्र )।

(घ) प्रकोपबाट वालिनालि आंशिक वा पुरै नष्ट भएकोमा क्षतिले अवस्था हेरि रु. २,०००/- अक्षरुपि दुई हजार देखि रु. १०,०००/-अक्षरुपि दश हजार रुपैया मात्र ।

CamScanner

(ङ)प्रकोपबाट पशु चैपायको क्षति भएकोमा क्षतिको अवस्था हेरि रु. २०००/- अक्षरुपि दुई हजार देखि रु. २०,०००/- अक्षरुपि वीस हजार रुपैया मात्र ।

(च) वाढि पहिरोमा परि परिवार विस्थापित हुने अवस्था भएमा रु. १०,०००/- अक्षरुपी दश हजार रुपैया देखि रु. ५०,०००/- (अक्षरुपि पचास हजार ) सम्म ।

(2) उपखण्ड (क) बमोजिमको आर्थिक सहायता प्राप्त गर्नका लागि पिडितले प्रहरी रिपोर्टको साथै आवश्यक प्रमाण कागजात सहित गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।

(3) उपखण्ड ख बमोजिमको आर्थिक सहायताका लागि निवेदन प्राप्त भएपछि गाउँपालिकाले आवश्यक परेमा स्थलगत निरिक्षण समेत गरि रु. १०,०००/- अक्षरुपी दश हजार रुपैया सम्म अध्यक्षसंग समन्वय गरि प्रमुख प्रशासकिय अधिकृतले उपलव्ध गराउन सक्नेछ र सोको अनुमोदन कार्यपालिकाको बैठकले गर्नुपर्दछ सोभन्दा माथिको रकम कार्यपालिकाको निर्णयबाट उपल्बध गराईनेछ ।

९. खण्ड ८ को आर्थिक सहायताको सम्वनधमा व्यत्ति वा वरिवारको असावधानि वा लापर्वाहिबाट क्षेति भएमा कुनै सहायता उपलव्ध हुने छैन ।

परिच्छेद -३

विविध

१०. निवेदनको ढाँचाः खण्ड (३),(४),(५),(६),(७),(८) अनुसारको सहायता पाउन अनुसुचि -१ को ढाँचामा निवेदन दिनुपर्नेछ ।

१२. अधिकार प्रत्यायोजन गर्न सकिनेः यस कार्यविधी अनुसार आर्थिक कार्यविधी सम्वन्धी निर्णको अधिकार गाउँ कार्यपालिकाले गाउँपालिकाको अध्यक्ष वा प्रमुख प्रशासकिय अधिकृतलाई दिन सक्नेछ ।

१३. आकस्मिक कोषः

(१) यस कार्यविधि अनुसार आर्थिक सहायता दिने वा प्राकृतिक र गैर प्राकृतिक प्रकोप पिडीतलाई राहत उद्धार तथा पुनर्स्थापना गर्ने र अन्य आकस्मिक कार्यमा प्रयोग गर्ने प्रयोजनको लागि एक आकस्मिक कोषको स्थापना गरिनेछ ।

(२) आकस्मिक कोषमा देहायको रकम जम्मा गरिनेछः

क) संघिय सरकार प्रदेश सरकार र स्थानिय सरकारबाट आकस्मिक कोषको लागि प्राप्त अनुदान

CamScanner

अनुसुची -१

दफा ११ संग सम्वन्धित

मितिः

श्रीमान अध्यक्ष/प्रमुख प्रशासकिय अधिकृत ज्यु
रामारोशन गाउँपालिका अछाम

बिषयः आर्थिक सहायता उपल्बध गराईदिनुहुन ।

महोदय

प्रस्तुत विषयमा म/हामि ........................................ रोगले ग्रसित भई .................................. गर्नुपर्ने व्यहोरा अवगत गरादछै/छु । उपचारको लागि म र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएकाले सो को लागि तेहा कार्यालयको नियमाअनुसार आर्थिक सहायता उपल्बध गराई निशुल्क उपचारको लागि सम्वन्धित गरिदिनुहुन तपशिलका कागजातहरु यसैसाथ पेश गर्दछु ।

तपसिलः

१ नागरिकता/जन्मदर्ता/विवाहदर्ताः ........................ को प्रतिलिपि ।
२ अस्पतालको रिपोर्ट ।
३ ................................ ।

निवेदक

| क्र.सं. | नामथर | ठेगाना | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

अनुसुची -२

दफा ११ संग सम्वन्धित

मितिः

श्रीमान अध्यक्ष/प्रमुख प्रशासकिय अधिकृत ज्यु
रामारोशन गाउँपालिका अछाम

बिषयः आर्थिक सहायता उपल्बध गराईदिनुहुन ।

महोदय
प्रस्तुत विषयमा
म/हामि ........................................ भएकाले/ ......................... व्यक्ति ......................... भएकाले व्यहोरा अवगत गराउदछु/ छै । ................................ को आर्थिक अवस्था नाजुक भएको तत्काल ...................................... गर्न, जरुरी रहेकाले ................................. को लागि तहाँ कार्यालयको नियमाअनुसार आर्थिक सहायता उपल्बध गराउई .................................समेत गरिदिनुहुन तपसिलका कागजातहरु यसै साथ संग्लन राखि पेश गर्दछु/गर्दछै ।

तपसिलः
१ नागरिकता/जन्मदर्ताः ......................... को प्रतिलिपिं ।
२ अस्पतालको रिपोर्ट ।
3 .............................. ।

निवेदक

| क्र.सं. | नामथर | ठेगाना | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |

प्रमाणिकरण मितिः२०८०।०८।२९

आज्ञाले
प्रभु नाथ देवकोटा
नि प्रमुख प्रशासकिय अधिकृत